Check against delivery

# नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका प्रतिनिधि श्री इयान मार्टिनले

## विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा

## नेपाल पत्रकार महासंघलाई दिनुभएको सन्देश

३ मई २००६

हिमालय होटल, काठमाडौं

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका
प्रवक्ता श्री किरण ड्वेयरद्वारा संप्रेषित

नेपाल पत्रकार महासङ्घका सदस्यज्यूहरू र अन्य विशिष्ट अतिथिज्यूहरू

तपाईहरूको यस सम्मेलनमा मलाई बोल्नका निम्ति निम्तो दिनुभएकोमा धन्यवाद । व्यक्तिगतरुपमा म तपाईहरूसमक्ष उपस्थित हुन नसकेकोमा दुःखी छ । तथापि, मलाई यो कुरा भन्न खुशी लागेको छ कि आज विराटनगरमा पत्रकारहरूसँग भेट गर्दैछु र म निर्धक्क छु कि उहाँहरू अधिकांश नेपाल पत्रकार महासङ्घका सदस्यज्यू हुनुहुन्छ ।

यस वर्षको पहिलो चार महिनामा द्रुतदर घटनाक्रमले जनतालाई सूचित गराउन र सार्वजनिक बहसका महत्वपूर्ण सवाललाई प्रवर्द्धन गर्न मिडियाको भूमिकामाथि जोड दिएको छ । अप्रिल महिनाको जनप्रदर्शनका सन्दर्भमा पत्रकार र अन्य संचारकर्मीहरू प्रत्येक दिन यस ऐतिहासिक घटनालाई नेपालभरका घरघरमा र अन्तर्राष्ट्रिय समुदायसमक्ष पुऱ्याउने कार्य सुनिश्चित गराउन अक्सर ठूलो जोखिमको सामाना गर्दै सहर र देशभर अग्रस्थानमा रहेका थिए । समाचार सङ्कलन गर्ने क्रममा पत्रकारहरू घाइते भएको, पक्राउमा परेको र थुनिएको हामीले गरेको प्रदर्शन र सुरक्षाकर्मीको आचरण अनुगमनबाट थाहा पाएका छौं ।

आक्रोशित प्रदर्शकारीहरूबाट सुरक्षाफौजका सदस्यहरूलाई पत्रकारहरूले बचाउदै गरेका केही असाधारण तस्वीरहरू पनि हाम्रा टोली र हामीले देख्यौं । अधिक दवावका विरुद्ध पनि यी महिनाहरूमा यस घटनालाई जनसमक्ष ल्याउन पत्रकार र प्रकाशन गृहहरूद्वारा प्रदर्शित साहसका लागि म बधाई दिन चाहन्छु । नेपालमा आउँदा दिनहरूमा पनि यस्तो स्वतन्त्रता र प्रतिवद्धता घटनाबारे समाचार संङ्कलन गर्न र सूचना तथा विचार जनसमक्ष संप्रेषण गर्न महत्वपूर्ण हुनेछ ।

हाम्रो कार्यालय स्थापना भएको झन्डै एक वर्ष भयो । यहाँहरूलाई विदितै छ कि प्रारम्भमा दीर्घकालीन सशस्त्र द्वन्द्वका सन्दर्भमा मानवअधिकार उल्लङ्घनका सवालप्रति अन्तर्राष्ट्रिय समुदायले देखाएको सरोकारले हाम्रो कार्यालयको कार्यदेश तय भएको हो । तथापि, फेब्रुअरी १, २००५ देखि चुनौतिका रुपमा रहेको आधारभूत प्रजातान्त्रिक हक अधिकार संरक्षणका निम्ति पनि हाम्रो कार्यालयले काम गर्दै आएको छ, जस्तै, अभिव्यक्ति स्वतन्त्रताका अधिकार, शान्तिपूर्ण भेला हुन पाउने अधिकार र स्वेच्छाचारी पक्राउ र गिरफ्तारीबाट उन्मुक्ति ।

नेपालमा नयाँ सरकारले सञ्चार स्वतन्त्रताको सन्दर्भमा केही विशिष्ट चुनौतीहरूको सामना गर्नुपरेको छ । प्रेस स्वतन्त्रतामाथिको बन्देज तथा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको उल्लङ्घन गर्दै अघिल्लो सरकारले चालेका अनेकौं कदमहरूको हाम्रो कार्यालय निरन्तर आलोचक रही आएको छ । विशेषतः सन् २००५ अक्टोबरमा जारी गरी गत महिनामात्रै पुनः जारी गरिएको सञ्चार अध्यादेश - जसले सञ्चारसँग सम्बन्धित ६ वटा छुट्टाछुट्टै कानुनहरू संशोधन गरेको थियो- ले बन्देजकारी प्रावधानहरूलाई अझ कडीकडाउ गऱ्यो । साथै, यसले अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको खोजी गर्ने र सूचना बाँड्ने अधिकारमाथि नयाँ बन्देजहरू लगायो ।

नयाँ सरकारले सकेसम्म चाँडो सञ्चार अध्यादेश खारेज गर्नुका साथै अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको खोजी तथा सूचना प्रदान गर्न पाउने अधिकारको सापेक्षतामा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूलाई अगाडि बढाउन प्रतिवद्धता व्यक्त गर्नुपर्छ ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले यस वर्षको १७ अप्रिलको विज्ञप्तिमार्फत् राजनीतिक वहुलवाद र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी प्रत्यक्षरुपले सम्बन्धित अधिकारसमेत मानवअधिकारबारे केही महत्वपूर्ण प्रतिवद्धता जाहेर गरेको छ । सो वक्तव्यको बुँदा २ मा भनिएको छ- 'सबैलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुनेछ ।' बुँदा ३ मा भनिएको छ- 'सबैलाई राजनीतिक, सामाजिक, आर्थिक एवं साँस्कृतिक अभ्यास गर्न पाउने स्वतन्त्रता हुनेछ ।' र बुँदा ५ मा उल्लेख गरिएको छ- 'पत्रपत्रिका प्रकाशन गर्न पाउने अधिकार हुनेछ ।' हाम्रो अनुगमन टोली र अनसन्धानबाट हामीलाई थाहा छ कि, विगतमा माओवादी कार्यकर्ताहरूबाट पत्रकारहरूलाई डराउने र धम्क्याउने गरिएको छ । नेकपा (माओवादी) नेतृत्वले सदा आफ्ना कार्यकर्ताहरूलाई आफ्ना प्रतिवद्धताबारे सचेतता र यसको सम्मानको सुनिश्चितता गराउनु अत्यावश्यक छ । नेकपा (माओवादी) को सदस्यहरूका कामकारवाहीको अनुगमन गर्नुका साथै उनीहरूलाई आफ्नो प्रतिवद्धतामा अडिग राख्न हाम्रो कार्यालयले् निरन्तर कार्य गर्नेछ ।

नेपालमा हुर्कंदो प्रजातन्त्रको लागि यस्तो प्रतिबद्धता आवश्यक छ । सबै खालका आस्था भएका राजनीतिक दलहरूले आगामी दिनहरूमा यी मौलिक प्रजातान्त्रिक अधिकारहरूको रक्षा गर्न खुलेर प्रतिबद्धता व्यक्त गर्नु आवश्यक छ । सबै राजनीतिक पृष्ठभूमि भएका नेपालीहरूले शान्ति स्थापना गर्ने तथा बलियो प्रजातन्त्र स्थापना गर्ने प्रक्रियाको निर्माण गर्दै गर्दा शान्तिपूर्ण तरिकाले अरूका विचारहरूलाई हाँक दिन सक्ने जीवन्त सार्वजनिक बहसको आवश्यकता पर्नेछ । सूचना तथा विचारको यो आदान-प्रदानलाई विकास गर्न तथा सशक्त प्रजातान्त्रिक व्यवस्थाको निर्माणका निम्ति नेपाली सञ्चारमाध्यमले केन्द्रीय भूमिका खेल्नेछ ।

विगतमा मैंले देखेको आधारमा, नेपाली सञ्चारमाध्यमले प्रजातन्त्रको विकास र शान्ति स्थापनामा महत्वपूर्ण भूमिका खेल्न सक्नेछ भन्ने कुरामा म विश्वस्त छु । देशभरका जिल्लाका सदस्यहरूको प्रतिनिधित्व गर्ने पत्रकारहरूको व्यावसायिक सङ्गठनको रूपमा रहेको नेपाल पत्रकार महासङ्घले नेपालमा सञ्चार स्वतन्त्रता सुनिश्चित गर्ने कार्यमा भूमिका खेल्नेछ भन्ने कुरामा पनि म त्यत्तिकै विश्वस्त छु । साथै, नेपाल पत्रकार महासङ्घलाई यही बधाइ दिंदै र नेपालमा व्यावसायिक सञ्चारको विकासमा सहयोग पुऱ्याउन भएका प्रयासहरू दोब्बर पार्न सबै सदस्यलाई हौसला दिंदै म आफ्नो आजको भनाई अन्त्य गर्दछु ।